# तपाईंको एन्डोस्कोपी प्रक्रियाअघि औषधि परिवर्तनहरू

## Medicine Changes Before Your Endoscopy Procedure

Some medicines need to be stopped a certain number of days before your procedure. Review these instructions as soon as you get them to see if you are taking any of these types of medicines. Common brand names are listed, but there may be other brand names not listed.

### If you take a blood thinner (anticoagulant or antiplatelet) medicine

Your doctor may tell you to stop taking this medicine a certain number of days before your procedure. Or your doctor may tell you to keep taking it. Make sure that you understand exactly what your doctor wants you to do.

- Ask the doctor who ordered this medicine if it is safe for you to stop taking it before this procedure.
- **If you have had a stent,** especially a stent in your heart or brain, DO NOT STOP taking your blood thinner medicine until you are instructed by the doctor who placed the stent.

केही औषधिहरू तपाईंको प्रक्रिया भन्दा केही निश्चित दिन पहिले रोक्न आवश्यक छ। तपाईंले यी प्रकारका कुनै पनि औषधिहरू लिइरहनुभएको छ कि छैन भनेर हेर्नको लागि तिनीहरूलाई प्राप्त गर्ने बित्तिकै यी निर्देशनहरू पुनरावलोकन गर्नुहोस्। सामान्य ब्रान्ड नामहरू सूचीबद्ध छन्, तर त्यहाँ अन्य ब्रान्ड नामहरू सूचीबद्ध नहुन सक्छन्।

### तपाईंले रगत पातलो बनाउने (एन्टिकोगुलेसन वा एन्टिप्लाटलेट) औषधिहरू लिनुहुन्छ भने

तपाईंको चिकित्सकले तपाईंलाई तपाईंको प्रक्रियाभन्दा केही दिन अघि यो औषधि नलिन भन्न सक्नुहुन्छ। वा तपाईंको चिकित्सकले तपाईंलाई यसलाई खाईरहनुहोस् भन्न सक्नुहुन्छ। तपाईंको चिकित्सकले ठ्याक्कै तपाईंले के गरे हुन्थ्यो भन्ने चाहनुहुन्छ भन्नेबारे तपाईंले बुझ्नुभएको छ भनी सुनिश्चित गर्नुहोस्।

- यस कार्यविधिअघि तपाईंले औषधिको सेवन बन्द गर्न सुरक्षित हुन्छ वा हुँदैन भनेर यो औषधि अर्डर गर्ने चिकित्सकलाई सोध्नुहोस्।
- **तपाईंले स्टेन्ट लिनुभएको छ,** विशेष गरी तपाईंको मुटु वा मस्तिष्कमा स्टेन्ट छ भने, स्टेन्ट राख्ने चिकित्सकले निर्देशन नदिएसम्म तपाईंको रगत पातलो पार्ने औषधि लिन बन्द नगर्नुहोस्।

- If your doctor has told you NOT to stop taking these medicines before this procedure, please contact the health care provider who is doing your procedure and ask to speak to a nurse.
- **Anticoagulant and antiplatelet medicines:** Below is a list of common blood thinner/stent medicines. If your blood thinner/stent medicine is not listed, contact the doctor who ordered your medicine for instructions:
    - apixaban (Eliquis)
    - clopidogrel (Plavix)
    - dabigatran (Pradaxa)
    - edoxaban (Savaysa)
    - enoxaparin (Lovenox)
    - fondaparinux (Arixtra)
    - heparin
    - rivaroxaban (Xarelto)
    - ticagrelor (Brilinta)
    - vorapaxar (Zontivity)
    - warfarin (Coumadin, Jantoven)

## If you take any of these medicines for diabetes, weight loss, or another reason

- If you take insulin, ask the doctor who ordered the insulin how to adjust before for your procedure.
- Do not take oral (by mouth) diabetes medicines on the day of your procedure.

- तपाईंको चिकित्सकले तपाईंलाई यो प्रक्रिया अघि यी औषधिहरू लिन बन्द नगर्न भन्नुभएको छ भने, कृपया तपाईंको प्रक्रिया गरिरहेको स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस् र नर्ससँग कुरा गर्न भन्नुहोस्।
- **एन्टिकोगुलेसन र एन्टिप्लाटलेट औषधिहरू** तल सामान्य रगत पातलो बनाउने/स्टेन्ट औषधिहरूका सूची छ। तपाईंको रगत पातलो बनाउने/स्टेन्ट औषधि सूचीबद्ध छैन भने, निर्देशनका लागि तपाईंको औषधि अर्डर गर्ने चिकित्सकलाई सम्पर्क गर्नुहोस्:
    - एपिक्साबन (एलीक्विस)
    - क्लोपिडोग्रेल (प्लेविक्स)
    - दबिगट्रान (प्रदाक्ष)
    - एडोक्साबन (सवाइसा)
    - एनोक्सापरिन (लवनाक्स)
    - फन्डापारिनक्स (एरिक्स्ट्रा)
    - हेपरिन
    - रिबरोहवन (हरेल्टो)
    - टिकाग्रेलर (ब्रिलिन्टा)
    - भोरापक्सर (जोन्टीभिटी)
    - वारफेरिन (कौमाडिन, जान्टोवेन)

## तपाईं मधुमेह, तौल घटाउन वा अन्य कारणका लागि यी मध्ये कुनै पनि औषधि लिनुहुन्छ भने

- तपाईं इन्सुलिन लिनुहुन्छ भने, इन्सुलिन अर्डर गर्ने चिकित्सकलाई सोध्नुहोस् कि तपाईंको प्रक्रियाका लागि पहिले यसलाई कसरी समायोजन गर्ने।
- तपाईंको प्रक्रियाको दिन मुख (मुखबाट) मधुमेहको औषधिहरू नलिनुहोस्।

- **If you take any of these oral medicines listed below,** stop taking it for the following number of days before your procedure:

- **तपाईं तल सूचीबद्ध यी मौखिक औषधिहरू मध्ये कुनै पनि लिनुहुन्छ भने,** तपाईंको प्रक्रिया अघि निम्न दिनका लागि तिनीहरूलाई लिन बन्द गर्नुहोस्:

| **औषधि**/[**Medicine**] | **प्रक्रियाअघि औषधि खान रोक्ने दिनहरूका संख्या**/[**Number of days to stop taking before procedure**] |
|---|---|
| ‣ ertugliflozin (Steglatro)<br>‣ एर्टुग्लिफ्लोजिन (स्टेगालाट्रो) | 4 दिन/[4 days] |
| ‣ bexagliflozin (Brenzavvy)<br>‣ बेक्साग्लिफ्लोजिन (ब्रेनजावी)<br>‣ canagliflozin (Invokana)<br>‣ कैनाग्लिफ्लोजिन (इनवोकाना)<br>‣ dapagliflozin (Farxiga)<br>‣ डापाग्लिफ्लोजिन (फारक्सिगा)<br>‣ empagliflozin (Jardiance)<br>‣ एम्पाग्लिफ्लोजिन (जार्डियन्स)<br>‣ sotagliflozin (Inpefa)<br>‣ सोटाग्लिफ्लोजिन (इन्पेफा) | 3 दिन/[4 days] |
| ‣ semaglutide (Rybelsus)<br>‣ सेमाग्लुटाइड (semaglutide) (राइबेल्सस) | 1 दिन/[1 day] |

- **If you use one of these injection medicines,** stop taking it before your procedure as listed below:

- **तपाईं यी सुई औषधिहरू मध्ये एउटा प्रयोग गर्नुहुन्छ भने,** तल सूचीबद्ध रूपमा तपाईंको प्रक्रिया अघि यसलाई लिन बन्द गर्नुहोस्:

| **औषधि**/[**Medicine**] | **प्रक्रियाअघि औषधि खान रोक्ने दिनहरूका संख्या**/[**Number of days to stop taking before procedure**] |
|---|---|
| ‣ dulaglutide (Trulicity)<br>‣ डुलाग्लुटाइड (ट्रुलिसिटी)<br>‣ exenatide (Bydureon BCise, Byetta)<br>‣ एक्सेनाटाइड (बायड्यूरियन बीसीस, बायटा)<br>‣ liraglutide (Saxenda, Victoza)<br>‣ लिराग्लुटाइड (सेक्सेन्डा, भिक्टोजा)<br>‣ semaglutide (Ozempic, Wegovy)<br>‣ सेमाग्लुटाइड (ओजेम्पिक, वेगोवी)<br>‣ tirzepatide (Mounjaro, Zepbound)<br>‣ टिर्जेपेटाइड (मौनारो, जेपबाउन्ड) | ‣ तपाईं दैनिक सुई प्रयोग गर्नुहुन्छ भने: प्रक्रियाको दिनमा प्रयोग नगर्नुहोस्/[If you use the injection daily: do not use on day of procedure]<br>‣ तपाईं साप्ताहिक सुई प्रयोग गर्नुहुन्छ भने: प्रक्रिया भन्दा 1 हप्ताअघि लिन रोक्नुहोस्/[If you use the injection weekly: stop taking 1 week before the procedure]<br>‣ तपाईं **तौल घटाउनका लागि मात्र** साप्ताहिक सुई प्रयोग गर्नुहुन्छ भने: प्रक्रियाअघि 2 हप्ताका लागि लिन रोक्नुहोस्/[If you use the injection weekly for **weight loss only:** stop taking for 2 weeks before the procedure] |

- **If you take phentermine (Adipex), phentermine/topiramate (Qysmia), or naltrexone/bupropion (Contrave),** please contact your prescribing provider to taper off the medicine before your procedure. These medicines should be stopped slowly by taking smaller doses overtime as directed by your provider.

- **तपाईं फेन्टेर्माइन (एडिपेक्स (Adipex)), फेन्टेर्माइन/टोपिरामेट (क्यूइसमिया (Qysmia)) वा नाल्ट्रेक्सोन/बुप्रोपियन (Contrave) लिनुहुन्छ भने,** कृपया तपाईंको प्रक्रिया अघि औषधि बन्द गर्न तपाईंको निर्देशित गर्ने प्रदायकलाई सम्पर्क गर्नुहोस्। यी औषधीहरू तपाईंको प्रदायकद्वारा निर्देशित रूपमा समयको साथ सानो खुराक लिएर बिस्तारै रोक्नुपर्छ।

## Other medicines

- If you take aspirin or NSAIDs, such as ibuprofen (Advil, Motrin, and Nuprin), naproxen (Aleve), or celecoxib (Celebrex) for pain, you **CAN** keep taking these medicines before this procedure.
  - You should continue all your other medicines with a sip of water unless you are instructed to make a change before this procedure.

## अन्य औषधिहरू

- तपाईं एस्पिरिन वा NSAIDs, जस्तै इबुप्रोफेन (ibuprofen) (एडभिल (Advil), मोट्रिन (Motrin) र नुप्रिन (Nuprin)), नेप्रोक्सन (naproxen) (एलेभ) वा सेलेकोक्सीब (celecoxib) (सेलेब्रेक्स) दुखाइका लागि लिनुहुन्छ भने, तपाईं यो प्रक्रिया अघि यी औषधिहरू लिन **सक्नुहुन्छ**।
  - तपाईंले आफ्नो सबै औषधिहरू पानीको एक घुटका साथ खान जारी राख्नुपर्छ जबसम्म तपाईंलाई यो प्रक्रिया अघि परिवर्तन गर्न निर्देशन दिइँदैन।

**यो ह्यान्डआउट जानकारी उद्देश्यका लागि मात्र हो। तपाईंलाई तपाईंको हेरचाहको बारेमा कुनै प्रश्न छ भने तपाईंको चिकित्सक वा स्वास्थ्य सेवा टोलीसँग कुरा गर्नुहोस्।** थप स्वास्थ्य जानकारीका लागि, 614-293-3707 वा health-info@osu.edu मा स्वास्थ्य जानकारीका लागि पुस्तकालयमा सम्पर्क गर्नुहोस्।

**[This handout is for informational purposes only. Talk with your doctor or health care team if you have any questions about your care.]** [For more health information, contact the Library for Health Information at 614-293-3707 or health-info@osu.edu.]

© 2024 – अगस्त 12, 2024, Ohio State University Wexner Medical Center